# नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका

# स्थानीय राजपत्र

## खण्ड ६, संख्याः १०, मंसिर २२ गते, २०७९ साल


व्यास नगरपालिकाको नगर कार्यपालिकाले पारित गरेको तल लेखिए बमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आम नागरिकको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# भाग २

## एकल महिला तथा एकल पुरुष सहयोग कार्यक्रम सम्बन्धी कार्यविधि २०७९

कार्यपालिकाबाट स्वीकृत मितिः २०७९।७।२२

**प्रस्तावनाः** व्यास नगरपालिका भित्र स्थायी बसोबास गर्ने ५० वर्ष पुरा भएका सन्तान विहिन एकल महिला वा पुरुषलाई सम्मान स्वरुप वार्षिक सहयोग एकमुष्ठ उपलब्ध गराउने उद्देश्यले व्यास नगरपालिकाको घोषित नीति अनुरुप व्यास नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५ को दफा ४ (१) बमोजिम यो कार्यविधि बनाई लागू गरिएको छ ।

परिच्छेद १

प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "व्यास नगरपालिका एकल महिला तथा एकल पुरुष सहयोग कार्यक्रम सम्बन्धी कार्यविधि २०७९" रहेको छ ।

(२) यो कार्यविधि व्यास नगरपालिकाको स्थानीय राजपत्रमा सूचना प्रकाशित भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "कार्यालय" भन्नाले व्यास नगरपालिका नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्छ ।

(ख) "कार्यक्रम" भन्नाले एकल महिला तथा एकल पुरुष सहयोग कार्यक्रम सम्झनु पर्छ ।

(ग) "एकल महिला तथा एकल पुरुष" भन्नाले ५० वर्ष पुरा भएका सामाजिक सुरक्षा भत्ता प्राप्त नगरेका, नेपाल सरकारबाट कुनै सेवा सुविधा नलिएका, सन्तान विहिन विपन्न एकल महिला तथा एकल पुरुष सम्झनु पर्छ ।

(घ) "सभा" भन्नाले व्यास नगरपालिकाको नगर सभा भन्ने सम्झनु पर्छ ।

(ङ) "उपप्रमुख" भन्नाले व्यास नगरपालिकाको नगर उपप्रमुख सम्झनु पर्छ ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले व्यास नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(छ) "कार्यविधि" भन्नाले व्यास नगरपालिकाको एकल महिला तथा एकल पुरुष सहयोग कार्यक्रम सम्बन्धी कार्यविधि २०७९ सम्झनु पर्छ ।

(ज) "नगरपालिका" भन्नाले व्यास नगरपालिका सम्झनु पर्छ ।

३. **यो** कार्यविधि नगरपालिकको आर्थिक वर्ष २०७९/०८० को वार्षिक कार्यक्रम बमोजिम व्यास नगरपालिका भित्र स्थायी बसोबास गर्ने ५० वर्ष पुरा भएका सामाजिक सुरक्षा भत्ता प्राप्त नगरेका, नेपाल सरकारबाट कुनै सेवा सुविधा नलिएका, सन्तान विहिन विपन्न एकल महिला तथा एकल पुरुपहरुलाई सहयोग गर्ने प्रयोजनको लागि लागु हुनेछ ।

४. **प्रोत्साहन वितरण गर्ने क्षेत्र:** (१) व्यास नगरपालिका भित्रका सबै वडाका एकल महिला तथा एकल पुरुषहरुलाई कार्यक्रममा प्रोत्साहन स्वरुप रकम दिइने छ ।

(२) व्यास नगरपालिका भित्रका सबै वडाका एकल महिला तथा एकल पुरुषहरुलाई देहाय बमोजिमको छनौटको आधार पुरा गरी रित पुगेको आधारमा प्रोत्साहन कार्यक्रममा रकम दिइने छः

(क) उमेर हद कम्तिमा ५० वर्ष पुरा भएको हुनुपर्ने ।

(ख) सामाजिक सुरक्षा भत्ता सेवा लाभग्राही नभएको ।

(ग) यस नगरपालिका भित्र स्थायी बसोबास गरेको हुनुपर्ने ।

(घ) नेपाल सरकारबाट कुनै सेवा सुविधा नलिएको हुनुपर्ने ।

ङ) विवाह गरिसकेका एकल महिला र एकल पुरुषको हकमा क्रमशः पुरुष र महिलाको मृत्युदर्ता प्रमाणपत्र हुनुपर्ने ।

(च) विपन्न सन्तान विहिन एकल महिला तथा एकल पुरुष हुनुपर्ने ।

(छ) घर परिवारबाट रेखदेख नभई बिचल्ली अवस्थामा भएको ।

(ज) एकल महिला तथा एकल पुरुषको विवरण वडा कार्यालय मार्फत आएको हुनुपर्ने ।

(झ) संविधानले तोकेको उमेर पार गरी विवाह नगरी बसेका महिलाहरु, सम्बन्ध विच्छेद गरी बसेका महिला तथा पुरुषहरु भएको हुनुपर्ने ।

५. **लाभग्राही छनौट समितिः** (१) लक्षित वर्ग लाभग्राही छनौट गर्नका लागि नगरपालिकाको उपप्रमुखको संयोजकत्वमा निम्नानुसारको लाभग्राही छनौट तथा कार्यान्वयन समिति रहने छः

(क) संयोजक - उपप्रमुख व्यास नगरपालिका

(ख) सदस्य - प्रमुख प्रशासकीय अधिकृत

(ग) सदस्य - सामाजिक विकास समितिका संयोजक

(घ) सदस्य - कार्यपालिका महिला सदस्यहरु मध्ये कार्यपालिकाले तोकेको एक जना सदस्य

(ङ) सदस्य - सामाजिक विकास शाखा प्रमुख

(च) सदस्य - पञ्जीकरण उपशाखा प्रमुख

(छ) सदस्य सचिव - महिला बालबालिका तथा समाजकल्याण उपशाखा प्रमुख

-आवश्यकता अनुसार बैठकमा अन्य कर्मचारीहरुलाई आमन्त्रण गर्न सकिने छ ।

५. **सञ्चालक समितिको काम, कर्तव्य र अधिकारः**

क) कार्यक्रम सञ्चालन सम्बन्धमा आवश्यक कार्य योजना तयार गरी कार्यान्वयन गर्ने ।

ख) कार्यक्रमहरु सञ्चालन, नियमन तथा अनुगमन गर्ने ।

ग) वडास्तरबाट एकल महिला तथा एकल पुरुषहरुको लागत संकलन गर्ने ।

६. **प्रोत्साहन स्वरुप वितरण गरिने रकमः** (१) यो कार्यविधि बमोजिम आवश्यक कागजात पुरा भएका एकल महिला तथा एकल पुरुषहरुलाई वार्षिक प्रति व्यक्ति रु.५०००। (पाँच हजार) प्रोत्साहन रकम वितरण गरिनेछ ।

७. **कार्यविधिमा परिमार्जन तथा संशोधनः** यस कार्यविधिको कार्यान्वयनमा कुनै समस्या देखिएमा व्यास नगर कार्यपालिकाले आवश्यकता अनुसार परिमार्जन, संशोधन गर्न सक्नेछ ।

८. **खारेजीः** यस कार्यविधिका कुनै दफा उपदफा लगायत सबै खण्ड वा आंशिक खण्ड, कुनै विषय प्रदेश कानुन र संघीय कानुन र अन्य कुनै कानुनसँग प्रत्यक्ष दोहोरो हुने गरी बाझिएमा वा दोहोरो परेमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

**आज्ञाले**
हरिराम नागिला
प्रमुख प्रशासकीय अधिकृत